127. सार्वजनिक तथा ऐलानी जग्गा, घर लगायतका सम्पत्तिहरुको अद्यावधिक अभिलेख राखी उपयोगको व्यवस्था मिलाइनेछ।

## भू-उपयोग

128. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ।

129. बुढिगंगा नगरपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

130. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषि योग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

131. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ।

132. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।

133. भू- उपयोग योजना सम्बन्धी सूचना विकास गरिनेछ।

## वस्ती विकास

134. एकीकृत वस्ती विकासको अवधारणालाई वस्ती विकास कार्यक्रम तय गरी लागु गर्न दीर्घकालीन रणनीति बनाइनेछ।

135. सुरक्षित वस्ती स्थानका आधार तथा मापदण्डहरु निर्धारण गरी वस्ती विकासलाई व्यवस्थित गरिनेछ।

136. प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापनमा सामुदायिक क्षमता विकास तथा जोखिमयुक्त वस्तीको पहिचान गरी वस्ती स्थानान्तरण गर्न आवश्यक कदम चालिनेछ।

137. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ।

## योजना तथा अनुगमन

### उपभोक्ता समिति परिचालन

138. उपभोक्ता समितिबाट योजना सञ्चालन गर्दा छनौट भएको योजना नगर सभाबाट स्वीकृत भएमा सो मितिबाट ३५ दिनभित्र उपभोक्ता समिति गठन नगरेमा उपभोक्ता समितिबाट योजना सञ्चालन गरिने छैन।

139. उपभोक्ता समिति गठन भएको ४० दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा योजना सम्झौताको लागि प्रचलित कानून बमोजिम कारवाही चलाई सक्नुपर्नेछ।

140. उपभोक्ता समिति गठन गर्दा सो समितिमा समावेशी मापदण्डका आधारमा समितिभित्र ७-११ सदस्य आवद्ध हुनेछन्। तर समितिका सदस्यहरु सम्बन्धित योजनाबाट प्रत्यक्ष प्रभावितहरु मात्र रहनेछन्।

141. समितिमा कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएको, वा सो प्रकृतिको अभियोगको मुद्दा न्यायिक एवम् अर्धन्यायिक निकायहरुमा विचाराधीन रहेको, पेश्की फर्छ्यौट नगरेको, भ्रष्टाचार गरेको, बहुविवाह गरेको, १८ वर्ष उमेर पुरा नभएको र ६० वर्ष नाघेको व्यक्ति रहन पाउने छैन। र प्रत्येक सदस्यले आयोजना सम्झौताका क्रममा आफ्नो नागरिकताको प्रतिलिपि साथ उपर्युक्त व्यहोरामा कसुरदार नठहरिएको स्व-घोषणा पत्र समावेश गर्नुपर्नेछ।

142. सार्वजनिक लाभको पद धारण गरेको कुनै पनि व्यक्ति (पदाधिकारी, कर्मचारी, शिक्षक, संघसंस्थाका व्यक्ति) समितिमा बस्न पाउने छैन।

143. समितिका मुख्य पदाधिकारीहरुले आयोजना सम्झौता गर्दा २/२ प्रति फोटो अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

144. समितिले आम भेलामा निर्णय अभिलेख तोकिएको ढाँचामा कम्तिमा १ जना पदाधिकारी र १ जना कर्मचारी समेतलाई रोहवरमा राखी समिति गठन गर्नुपर्नेछ।

145. प्रत्येक समितिले शुन्य पेश्कीमा आधारित भएर आयोजना सञ्चालन गर्नुपर्नेछ।

146. उपभोक्ता समितिबाट योजना सञ्चालन गर्दा १५% लागत सहभागितालाई अनिवार्य गरिएको छ।

147. समिति गठन गर्दा कै अवस्थामा आन्तरिक अनुगमन समिति गठन गरी सो समितिले कम्तिमा २ पटक अनुगमन तथा सुपरीवेक्षण गरेको अनुगमन पुस्तिकाको अभिलेख कायम गर्नुपर्नेछ र सो अभिलेख नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ।

148. समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्नेछ। तर मर्मत सम्भार समितिलाई बुझाएको सामानको विवरणको एक प्रति नगर कार्यपालिकाको कार्यालयमा जानकारीको लागि बुझाउनुपर्नेछ।

149. नगरपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति तथा वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट निरन्तर आयोजना अनुगमन हुनेछ। यसप्रकार उपर्युक्त समितिहरुले राय सहितको प्रतिवेदन तयार गर्नेछ। उक्त प्रतिवेदनमा अनुगमन संयोजक तथा सम्बन्धित विषयगत प्रमुख/संयोजकको सदर गर्ने राय सहितको कम्तिमा २/३ सदर गर्ने राय पेश भए पश्चात मात्र योजना फरफारकको कारवाही चलाईनेछ। तर उक्त प्रतिवेदनमा विशेष परिस्थिति पुष्टि भएको खण्डमा बाहेक सबै सदस्यहरुले राय पेश गर्नुपर्नेछ।

150. एक आ.व. मा एक जना व्यक्ति एक मात्र उपभोक्ता समितिमा बस्न पाउने छ। दुई वा सो भन्दा बढी समिति गठन भएको खण्डमा पछि गठन भएको समितिका हकमा निजको सदस्यता स्वतः खारेज भएको मानिनेछ।

151. एक समितिमा एकाघरका एक जना मात्र सदस्य समितिमा बस्न पाउने छ।

152. उपभोक्ता समितिबाट आयोजना सञ्चालन गर्दा नगर कार्यपालिकाको कार्यालयले तोकिएको शुल्क प्राप्त गरी सम्बन्धित उपभोक्ता समितिलाई योजनासम्बद्ध कागजातहरु सहितको फाराम उपलब्ध गराउनेछ।